# रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

# र

# विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३

नेपाल सरकार

**गृह मन्त्रालय**

सिंहदरबार, काठमाडौं

# विषयसूची


| क्र.सं. | लेखको शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ | १ |
| २. | विष्फोटक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३ | ८ |


# रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय, प्रयोग सम्बन्धी इजाजत प्रदान गर्ने कार्यविधि, २०७३

नेपाल सरकार (मा. मन्त्रीस्तर) बाट स्वीकृत मिति : २०७३।०२।१८

औद्योगिक प्रतिष्ठान, प्रयोगशाला, अनुसन्धान केन्द्र, व्यापारिक संस्था लगायतका निकायका लागि आवश्यक पर्ने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगलाई व्यवस्थित गरी दुरुपयोग हुन नदिन र वातावरण प्रदूषण, जनस्वास्थ्य र पशुपंक्षी स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव नियन्त्रण गर्नका लागि नेपाल सरकारले लागू औषध नियन्त्रण ऐन, २०३३ को दफा २४ बमोजिम यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **रासायनिक पदार्थ आयात, ओसार-पसार, सञ्चय तथा प्रयोगको इजाजत प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७३** रहेको छ ।

ख) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२. **सिफारिस सम्बन्धी व्यवस्था :**

क) प्रचलित नेपाल कानून बमोजिम स्थापित औद्योगिक प्रतिष्ठान वा अन्य कुनै निकायलाई आवश्यक पर्ने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोग गर्न जिल्ला स्तरीय अनुगमन समितिले सम्बन्धित निकायको निरीक्षण गरी पेश गरेको प्रतिवेदनका आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाल सरकार गृह मन्त्रालयलाई अनुरोध गर्नुपर्ने छ । जिल्लास्तरीय अनुगमन समितिले गर्ने अनुगमनको ढाँचा अनुसूची-१ बमोजिम हुनेछ ।

ख) रासायनिक पदार्थ आयात, ओसार-पसार, सञ्चय र प्रयोग गर्ने निकायहरुलाई आवश्यक पर्ने रासायनिक पदार्थ सम्बन्धित मन्त्रालय वा सम्बन्धित रासायनिक पदार्थको नियमन गर्ने जिम्मेवारी पाएको केन्द्रीय स्तरको निकायबाट गृह मन्त्रालयमा सिफारिस गर्नुपर्नेछ ।

३. **अनुमति दिने :**

रासायनिक पदार्थ आवश्यक पर्ने निकायलाई माथि बुँदा नं. २ को प्रक्रिया पुरा भएपछि मात्र गृह मन्त्रालयले रासायनिक पदार्थको आयात, ओसार-पसार, भण्डारण र प्रयोग सम्बन्धी अनुमति प्रदान गर्न सक्नेछ । गृह मन्त्रालयले प्रदान गर्ने अनुमति पत्रको ढाँचा अनुसुची २ बमोजिम हुनेछ र अनुमति दिने रासायनिक पदार्थहरुको विवरण अनुसुची-३ र अनुसुची-४ मा तोकिए बमोजिम

हुनेछ ।

तर सल्फरको अनुमति प्रदान गर्ने विषयमा नेपाल सरकार रक्षा मन्त्रालयको सिफारिसको आधारमा मात्र अनुमति प्रदान गरिने छ ।

**४. रासायनिक पदार्थको सुरक्षित व्यवस्थापन गर्ने :**

रासायनिक पदार्थको आयात, ओसार-पसार, भण्डारण र प्रयोग गर्दा वातावरण, जनस्वास्थ्य र पशुपंक्षीको स्वास्थ्यमा प्रतिकूल असर नपर्ने गरी सुरक्षित किसिमबाट स्थानीय सुरक्षा निकायको सहयोगमा व्यवस्थापन गर्ने जिम्मेवारी सम्बन्धित औद्योगिक प्रतिष्ठान वा निकायको हुनेछ ।

**५. प्रगति विवरण पेश गर्ने :**

रासायनिक पदार्थको उपयोग गर्ने औद्योगिक प्रतिष्ठान वा निकायले रासायनिक पदार्थको आयात, भण्डारण र प्रयोगको मासिक विवरण गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालयमा समेत अनिवार्य रुपमा अनुसूची-५ को ढाँचामा पेश गर्नुपर्ने छ ।

**६. आयात भएको जानकारी दिनुपर्ने :**

विदेशबाट आयात गरिएको रासायनिक पदार्थको विवरण उत्पादन हुने मुलुक, निर्यातकर्ता कम्पनी, रसायनको नाम, परिमाण, आयातकर्ताको नाम, Armonized System Code, Material Safety Data code समेत खुलाई सम्बन्धित भन्सार कार्यालय र आयातकर्ताले उल्लेखित विवरणहरु खुल्नेगरी अभिलेख राखी सो को जानकारी आयात भएको मितिले ७ दिन भित्र गृह मन्त्रालयमा दिनुपर्नेछ ।

**७. अनुगमन सम्बन्धी व्यवस्था :**

**क. केन्द्रीय अनुगमन समिति :**

१) औद्योगिक प्रतिष्ठान वा कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमनका लागि केन्द्रीयस्तरमा देहाय बमोजिमको अनुगमन समिति रहनेछ ।

१. गृह मन्त्रालय, विपद् व्यवस्थापन महाशाखाका प्रमुख - संयोजक
२. उद्योग मन्त्रालयका सम्बन्धित क्षेत्रका प्राविधिक प्रतिनिधि - सदस्य
३. जनसंख्या तथा वातावरण मन्त्रालयका सम्बन्धित क्षेत्रका प्राविधिक प्रतिनिधि - सदस्य
४. गृह मन्त्रालय, लागू औषध नियन्त्रण शाखाका उप-सचिव - सदस्य सचिव

२) समितिले उद्योगहरुमा स्थलगत रुपमा आफै वा सम्बन्धित कर्मचारी खटाई अनुगमन गर्न सक्नेछ र समितिले अनुगमनका क्रममा आवश्यकतानुसार सम्बन्धित विशेषज्ञलाई आमन्त्रण गर्न सक्ने छ । साथै समितिले आवश्यक देखेमा सुरक्षा निकायको सहयोग लिन सक्नेछ ।



**ख. जिल्ला अनुगमन समिति :**

(१) औद्योगिक प्रतिष्ठान वा कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, सञ्चय र प्रयोगको अनुगमनका लागि जिल्ला स्तरमा देहाय बमोजिमको समिति रहनेछ ।

१. प्रमुख जिल्ला अधिकारीले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि - संयोजक
२. नेपाली सेनाका अधिकृत प्रतिनिधि - सदस्य
३. जिल्ला प्रहरी कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य
४. जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/समितिका अधिकृत प्रतिनिधि - सदस्य
५. आन्तरिक राजस्व कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य

(२) जिल्ला अनुगमन समितिले रासायनिक पदार्थको आयात, ढुवानी, भण्डारण र प्रयोग सम्बन्धी विषयहरुको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**८. राय लिन सकिने :**

औद्योगिक प्रतिष्ठान वा अन्य कुनै निकायमा प्रयोग हुने रासायनिक पदार्थको आयात, ओसार-पसार, संचय र प्रयोगको कारणबाट वातावरणमा प्रतिकूल प्रभाव पर्ने सम्भावना देखिएमा जनसंख्या तथा वातावरण मन्त्रालयको समेत राय लिन सकिनेछ ।

**९. निर्देशन पालना गर्नुपर्ने :**

यो कार्यविधिको कार्यान्वयनको क्रममा गृह मन्त्रालयले समय समयमा आवश्यक निर्देशनहरु जारी गर्न सक्नेछ । सो को पालना गर्नु सम्बन्धित निकायको दायित्व हुने छ ।

**१०. म्याद थप सम्बन्धी व्यवस्था :**

अनुमति पत्रमा तोकिएको समयभित्र रासायनिक पदार्थ आयात हुन नसकेमा सम्बन्धित भन्सार कार्यालयको पैठारी प्रमाणित पत्रको आधारमा गृह मन्त्रालयले आवश्यकता अनुसार म्याद थप गर्न सक्नेछ ।

**११. नाका परिवर्तन सम्बन्धी व्यवस्था :**

कुनै कारणवश अनुमतिपत्रमा तोकिएको भन्सार नाकाबाट रासायनिक पदार्थ आयात हुन नसकेको अवस्थामा गृह मन्त्रालयले औचित्यता हेरी भन्सार नाका परिवर्तन गर्ने अनुमति प्रदान गर्न सक्नेछ ।

**१२. बाधा अड्काउ फुकाउने :**

यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा द्विविधा उत्पन्न भएमा गृह मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।